Phone/Fax: 086420180
Email: ito.mallaranimun@gmail.com
info@mallaranimun.gov.np
Website: www.mallaranimun.gov.np

# मल्लरानी गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
## खलंगा, प्यूठान
## लुम्बिनी प्रदेश, नेपाल

मल्लरानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खलंगा, प्यूठान लुम्बिनी प्रदेश, नेपाल

### नदीजन्य पदार्थ उत्खनन्, संकलन र घाटगद्दी तथा बिक्रिका लागि शिलबन्दि दरभाउपत्र आव्हान सम्वन्धी सूचना

**प्रंथम पटक सूचना प्रकाशित मितिः २०८१/०७/२५**

यस गाउँपालिकाको क्षेत्रमा रहेको प्रारम्भिक वातावणीय प्रभाव मूल्याङ्कनबाट किटान गरिएको घाटबाट निर्धारित परिमाणमा ढुङ्गा गिट्टि, बालुवाको उत्खनन् संकलन र घाटगद्दी गरी, मल्लरानी गाउँपालिकाको नदीजन्य ढुङ्गा, गिट्टि, बालुवा उत्खनन् संकलन तथा विक्रि सम्बन्धि निर्णय बमोजिम ढुङ्गा गिट्टि, बालुवा निकासी पैठारी सम्बन्धि ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले तपशिलको शर्तहरु पालना गर्ने गरी इच्छुक फर्म वा कम्पनीले शिलवन्दी दरभाउपत्र पेश गर्न आह्वान गरिएको छ ।

| सूचना नं | संकलन केन्द्र वा घाटको नाम | उत्खनन् परिमाण (घ.मि.) | न्यूनतम कवोल अंक मु. अ. क. बाहेक | धरौटी रकम | दरभाउपत्र शुल्क |
|---|---|---|---|---|---|
| 01/MRM/081/82 | झिमरुक नदीको धुँदीघाट वडा नं ५ | २४२५।५ | ५,१४,०००। | कबोल अंकको ५ प्रतिशत | १०००। |

- फर्मको हकमा नविकरण भएको दर्ता प्रमाणपत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ व २०८०।०८१ को करचुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्र, दरभाउपत्र बापत यस कार्यालयमा नगद तिरेको रसिद वा नेपाल वैक लिमिटेडमा यस गाउँपालिकाको नाममा रहेको राजश्व खाता नं ०५२०३०००००१००१००००००१ मा नगद जम्मा गरेको भौचरसाथ निवेदन पेश गरी यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन भित्र कार्यालयबाट फाराम खरीद गर्न सकिनेछ । १५ औं दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट खरीद गर्न सकिनेछ ।
- दरभाउपत्र सम्वन्धी फाराम भर्दा कबोल रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाइ मान्यता दिइनेछ । आफूले कवोल गरेको अंकको ५ प्रतिशतको दरले (मु अ क समेत) हुन आउने धरौटि रकम यस गाउँपालिकाको नेपाल वैक लिमिटेडमा रहेको धरौटी खाता नं ०५२०३०००००३००००००००००२ मा जम्मा गरेको सक्कल भौचर वा मान्यता प्राप्त वैकबाट यस कार्यालयको नाममा जारी गरिएको ७५ दिनको म्याद भएको वैंक जैमानत पेश गर्नु पर्नेछ ।
- खरिद गरेको दरभाउ पत्र फाराममा उल्लेख भएका सम्पूर्ण विवरणहरु भरी दरभाउपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलवन्दि खाम वाहिर दरभाउपत्रदाताको विवरण स्पष्ट खुलाइ फर्मको छाप लगाई खरीद गर्न चाहेको ठेक्काको विवरण उल्लेख गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिनको दिउसो १२ वजे भित्रमा यस कार्यालयमा पेश गर्नु पर्नेछ ।
- रीतपूर्वक पेश भएका दरभाउपत्र १६ औं दिनको २ वजे दरभाउपत्रदाता र कार्यालयका प्रतिनिधिको रोहबरमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि समयमा उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन विदा परेमा कार्यालय खुलेको दिनमा उक्त कार्य गरिनेछ ।
- रित नपुगी वा म्याद नाघी आएको दरभाउपत्रहरु स्विकृत गर्न कार्यालय बाध्य हुने छैन । दरभाउपत्र स्विकृत गर्ने र नगर्ने सम्वन्धि अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।
- यस सम्वन्धि अन्य व्यवस्था सार्वजनिक खरीद ऐन २०६३ र नियमावलि २०६४ र लुम्विनी प्रदेशको नदीजन्य पदार्थ व्यबस्थापन कार्यविधि २०७५ र अन्य प्रचलित कानून बमोजिम हुनेछ ।
- थप जानकारीको लागि कार्यालयको फोन नं ९८५७८३८००३ मा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ ।

२०८१/०७/२५
गिर बहादुर सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत

गिर बहादुर सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner